आज मिति २०८३ आषाढ ०९ गते मङ्गलवारका दिन खुम्बु पासाङल्हामु गाउँपालिकाका अध्यक्ष श्री मिङमा छिरी शेर्पाज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा कार्यपालिकाको    औं बैठक देहाय अनुसारका निर्णय गरी सम्पन्न भयो।

उपस्थिति

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मिङमा छिरी शेर्पा | अध्यक्ष | |
| २ | श्री टासी ल्हमु शेर्पा | उपाध्यक्ष | |
| ३ | श्री फुनुरु शेर्पा | कार्यपालिका सदस्य | |
| ४ | श्री आङ फुर्वा शेर्पा | कार्यपालिका सदस्य | |
| ५ | श्री नुरु जाङ्बु शेर्पा | कार्यपालिका सदस्य | |
| ६ | श्री लक्ष्मण अधिकारी | कार्यपालिका सदस्य | |
| ७ | श्री पासाङ ग्याल्जेन शेर्पा | कार्यपालिका सदस्य | |
| ८ | श्री आङ माया शेर्पा | कार्यपालिका सदस्य | |
| ९ | श्री डिमा याङ्जिन शेर्पा | कार्यपालिका सदस्य | |
| १० | श्री पासाङ डोमा शेर्पा | कार्यपालिका सदस्य | |
| ११ | श्री उमा विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १२ | श्री ल्हाक्पा गेल्जेन शेर्पा | कार्यपालिका सदस्य | |
| १३ | श्री ल्हाक्पा छिरी शेर्पा | कार्यपालिका सदस्य | |
| १४ | श्री नवराज गौतम | सदस्य सचिव | |
| १५ | श्री सुजन कुमार बुढाथोकी | प्रशासकीय अधिकृत | |
| १६ | श्री काशीराम खड्का | ईन्जिनियर | |
| १७ | श्री चेतनाथ कटेल | लेखा अधिकृत | |
| १८ | श्री मञ्जु श्री शर्मा निरौला | प्रशासन शाखा प्रमुख | |

| | | | |
|---|---|---|---|
| १९ | श्री पदम बहादुर बस्नेत | शिक्षा अधिकृत | |
| २० | श्री सम्झौता भट्टराई | महिला विकास अधिकृत | |
| २१ | श्री धन प्रसाद आचार्य | अधिकृत छैठौं (प्रशासन) | |
| २२ | श्री दिप कुमार बस्नेत | ईञ्जिनियर | |
| २३ | श्री भेष बहादुर घिमिरे | पशु विकास अधिकृत | |
| २४ | श्री बिशाल काफ्ले | सूचना प्रविधि अधिकृत | |
| २५ | श्री डम्बर कुमारी खड्का | स्वास्थ्य शाखा प्रमुख | |
| २६ | श्री लक्ष्मी प्रसाद सेढाई | कृषि विकास शाखा | |
| २७ | श्री सङ्गीता बराईली | उद्यम विकास सहजकर्ता | |

कार्यपालिका बैठकका निर्णयहरू

निर्णय नं. १

खुम्बु पासाङल्हामु गाउँपालिकामा चालु आ. व. २०८२/८३ मा विनियोजित योजना तथा कार्यक्रमको समिक्षा गर्दा भौगोलिक अवस्था र पर्यटकीय सिजनका कारण पालिकाका गौरवका आयोजना सम्पन्न नभए तापनि हाल सम्मको प्रगति सन्तोषजनक नै रहेको हुँदा कार्यान्वयनमा खटिने सम्पूर्ण जनप्रतिनिधिहरु कर्मचारीहरु टोल विकास संस्था युवा समूह लगायत सरोकारवाला सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्ने।

निर्णय नं. २

आगामी आ. व. २०८३/८४ का लागि संलग्न गरिएको नीति तथा कार्यक्रम स्वीकृतका लागि मिति २०८३ आषाढ १० गते हुने दोस्रो गाउँसभाको २० औं अधिवेशनमा पेश गर्ने र सम्मानित सभाको कार्यसूची स्वीकृत गर्ने।

निर्णय नं. ३

गाउँपालिकाको २०औं सम्मानित गाउँसभामा पेश हुने देहायबमोजिमका विधेयक, कार्यक्रम तथा प्रतिवेदन स्वीकृत गर्नेः

क. आ.व. २०८३/०८४ को बजेट वक्तव्य।

ख. आ.व. २०८३/०८४ को आर्थिक विधेयक।

ग. आ.व. २०८३/०८४ को विनियोजन विधेयक।

घ. आ.व. २०८२/०८३ मा भएका कार्यपालिकाका सम्पूर्ण निर्णयहरू।

ङ. खुम्बु पासाङल्हामु गाउँपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन।

च. लेखा समितिबाट आ.व. २०७४/०७५ देखि २०७६/०७७ सम्मका महालेखा परीक्षकबाट औंल्याइएका अनियमितता सम्बन्धी बेरुजुहरू नियमित गरी फछ्र्यौट गर्न पेश भएका बेरुजुहरू नियमित गर्ने।

निर्णय नं. ४

खुम्बु पासाङल्हामु गाउँपालिकाले चालु आ.व. मा कार्यान्वयनका लागि देहाय अनुसारका योजनाको म्याद थप गर्ने ।

तपसिल

| क्र. स. | आयोजना | म्याद थप भएको मिति |
|---|---|---|
| १ | खुम्जुंग खुन्दे ढल | बहुबर्षिय |
| २ | आम्म्दाब्लम हाइड्रोपावर तार खरिद | २०८३/३०/०५ |
| ३ | नाम्चे बस्ती भित्रको बाटो | बहुबर्षिय |
| ४ | खुम्जुंग खुन्दे खानेपानी | बहुबर्षिय |
| ५ | नगर प्रहरी जवान भवन | बहुबर्षिय |
| ६ | MRF खरिखोला | बहुबर्षिय |
| ७ | ङिम दोर्जी शेर्पा पर्यटन सडक स्तरोन्नती खण्ड ४ | २०८४ असोज मसान्त |
| ८ | गोकियोबाट गोकियो रि जाने पुल निर्माण | २०८४ पौष मसान्त |
| ९ | मारालुङ लुङडेन पुल निर्माण | म्याद थपको चिठी आएको तर बैंक ग्यारेन्टी |
| १० | ठमिछो सामुदायिक भवन मर्मत | २०८४ असोज मसान्त |
| ११ | ङिम दोर्जी शेर्पा पर्यटन सडक स्तरोन्नती(माथिल्लो काडे) खण्ड १ | २०८३ पौष मसान्त |
| १२ | MRF Lukla | २०८४ कार्तिक मसान्त |
| १३ | माप्य खुम्बु मितेरी पुल निर्माण | बहुबर्षिय |
| १४ | ङिम दोर्जी शेर्पा पर्यटन सडक ट्र्याक ओपन(सुर्के नासागारा मुसे चौरिखर्क) | बहुबर्षिय |
| १५ | नासागारा लुक्ला सडक ट्र्याक ओपन | बहुबर्षिय |

निर्णय नं. ५

आ व २०८३/८४ मा कार्यान्वयन हुने गरी प्रस्ताव पेश हुन आएका देहाय अनुसारको संस्थाहरुको कार्यक्रम स्वीकृत गरी सभामा पेश गर्ने।

तपसिल

| क्र.म. | नाम | अनुमानित लागत | कैफियत |
| --- | --- | --- | --- |
| १ | हिमालयन ट्रस्ट नेपाल | ७,४१,३१,०४७ | |
| २ | पासाङल्हामु पर्वतारोहण प्रतिष्ठान | २२,४५,००० | |
| ३ | शक्ति नेपाली गर्ल्स | १५,६४,५०० | |
| ४ | सांग्रिला नेपाल फाउन्डेशन | ८,१९,७६,५००.१२ | तीन बर्षे प्रोजेक्ट |
| ५ | SPCC द्वारा सगरमाथा राष्ट्रिय निकुञ्जमा पुनर्जन्मशील पर्यटनर आगन्तुक प्रभाव डेटाको एकीकृत अध्ययन | | १८ महिना प्रोजेक्ट |
| ६ | खुम्बिला प्रतिष्ठानद्वारा पाङ्बोचेमा | | |
| ७ | CITC | | |
| ८ | एक्सन खरिखोला | | |
| ९ | सगरमाथा नेक्स्ट | | |

निर्णय नं. ६

नेपालको संविधानको धारा ४१ ले ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुने व्यवस्था गरेको छ। सोही बमोजिम ज्येष्ठ नागरिक ऐन, २०६३ को नियम २५ तथा ज्येष्ठ नागरिक नियमावली, २०६५ (संशोधन सहित) को नियम १५ को उपनियम (१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरे अनुसार ज्येष्ठ नागरिकहरूको पहिचान, सम्मान र सेवा सुविधाहरू सहज रूपमा उपलब्ध गराउन ज्येष्ठ नागरिक परिचय पत्र वितरण स्थानीय तह मार्फत गरिने व्यवस्था रहेकाले तपशिलको आवश्यक कागजातको आधारमा कार्यलयमा अभिलेख राखि ज्येष्ठ नागरिक नियमाली, २०६५ (संशोधन सहित। को अनुसूची ३ बमोजिमको यस गाउँपालिका भित्र रहेका ज्येष्ठ नागरिकलाई ज्येष्ठ नागरिक परिचय पत्र वितरण गर्ने।

निर्णय : विविध

क. उपरोक्त सम्बन्धमा रिट निवेदक आङ कामी शेर्पा प्रत्यर्थी यस खुम्बु पासाङल्हामु गाउँपालिका चौरीखर्क सोलुखुम्बु समेत भएको मुद्दा नं. ०८२-०-००१७ को उत्प्रेषण मिश्रित परमादेश मुद्दामा श्री उच्च अदालत विराटनगर अस्थायी इजलास ओखलढुङ्गाले हाम्रो नाममा मिति २०८३/०३/०१ मा १५ दिने सूचना म्याद तामेल गरेकोले सो मुद्दामा म्यादै भित्र लिखित जवाफ पेश गर्नलाई हाम्रो कार्य व्यस्तताले गर्दा नभ्याउने हुँदा हाम्रो सट्टामा ओखलढुङ्गा जिल्ला सिद्धिचरण नगरपालिका वडा नं. ८ वस्ने ना.प्र. नं. ६६६६५/१७०३५ जिल्ला प्रशासन कार्यालय ओखलढुङ्गा जारी मिति २०६३/१०/२६ वर्ष ३५ को किशोरदोशी घिसिङलाई बारिस अख्तियारनामा दिई निजैबाट लिखित जवाफ पेश गर्न लगाई मुद्दाको पुर्पक्ष गर्न लगाउने र सो मुद्दामा श्री खुम्बु पासाङल्हामु गाउँपालिका चौरीखर्क सोलुखुम्बु, ऐ.ऐ. का गाउँकार्यापालिका, ऐ.ऐ.का उपाध्यक्ष टासी ल्हमु शेर्पा, ऐ.ऐ. श्री प्रमुख प्रशासकिय नवराज गौतम, ऐ.ऐ. का लेखा प्रमुख चेतनाथ कटेल, र ऐ.ऐ का इन्जिनियर दिप कुमारको तर्फवाट लिखित जवाफ लेखी तयार गरी सो मुद्दामा अन्तिम किनार नभएसम्मको लागि बहस पैरवी गर्ने र मुद्दाको प्रतिरक्षा गर्ने कानून व्यवसायी बरिष्ठ अधिवक्ता हर्क बहादुर राई प्र.प.नं. २००९ लाई नियुक्ति गर्ने।

ख. यस गाउँपालिकाको आन्तरिक राजश्व अन्तर्गत पर्यटन शुल्क (सार्क सदस्य राष्ट्र र चीनका पर्यटकबाट प्रति पर्यटक रु. २,०००।— तथा अन्य राष्ट्रका पर्यटकबाट प्रति पर्यटक रु. ३,०००।—) नगद भुक्तानी मार्फत उठाउदै आएको तर सो प्रक्रिया प्रशासनिक रूपमा झन्झटिलो भएकोले उक्त रकम अनलाइन भुक्तानी प्रणाली मार्फत व्यवस्थाका लागि बारम्बार गुनासो प्राप्त भएकाले यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक, लुक्ला शाखामा रहेको खाता नं.२५८०१००००१९१००१ मा अनलाइन भुक्तानी गर्ने र अनलाइनबाट भुक्तानी भएको रकम भोलिपल्ट नै यस कार्यालयको राजश्व खातामा जम्मा गरि उक्त खाता शुन्य बनाउनलाई अनलाइन भुक्तानी प्रणाली व्यव्स्थापन गर्न कोष तथा लेखा नियन्त्रक कार्यालयलाई अनुरोध गर्ने ।

निर्णय : विविध

क. उपरोक्त सम्बन्धमा रिट निवेदक आङ कामी शेर्पा प्रत्यर्थी यस खुम्बु पासाङल्हामु गाउँपालिका चौरीखर्क सोलुखुम्बु समेत भएको मुद्दा नं. ०८२-०-००१७ को उत्प्रेषण मिश्रित परमादेश मुद्दामा श्री उच्च अदालत विराटनगर अस्थायी इजलास ओखलढुङ्गाले हाम्रो नाममा मिति २०८३/०३/०१ मा १५ दिने सूचना म्याद तामेल गरेकोले सो मुद्दामा म्यादै भित्र लिखित जवाफ पेश गर्नलाई हाम्रो कार्य व्यस्तताले गर्दा नभ्याउने हुँदा हाम्रो सट्टामा ओखलढुङ्गा जिल्ला सिद्धिचरण नगरपालिका वडा नं. ८ वस्ने ना.प्र. नं. ६६६६५/१७०३५ जिल्ला प्रशासन कार्यालय ओखलढुङ्गा जारी मिति २०६३/१०/२६ वर्ष ३५ को किशोरदोशी घिसिङलाई बारिस अख्तियारनामा दिई निजैबाट लिखित जवाफ पेश गर्न लगाई मुद्दाको पुर्पक्ष गर्न लगाउने र सो मुद्दामा श्री खुम्बु पासाङल्हामु गाउँपालिका चौरीखर्क सोलुखुम्बु, ऐ.ऐ. का गाउँकार्यापालिका, ऐ.ऐ.का उपाध्यक्ष टासी ल्हमु शेर्पा, ऐ.ऐ. श्री प्रमुख प्रशासकिय नवराज गौतम, ऐ.ऐ. का लेखा प्रमुख चेतनाथ कटेल, र ऐ.ऐ का इन्जिनियर दिप कुमारको तर्फबाट लिखित जवाफ लेखी तयार गरी सो मुद्दामा अन्तिम किनार नभएसम्मको लागि बहस पैरवी गर्ने र मुद्दाको प्रतिरक्षा गर्ने कानून व्यवसायी बरिष्ठ अधिवक्ता हर्क बहादुर राई प्र.प.नं. २००९ लाई नियुक्ति गर्ने।

ख. यस गाउँपालिकाको आन्तरिक राजश्व अन्तर्गत पर्यटन शुल्क (सार्क सदस्य राष्ट्र र चीनका पर्यटकबाट प्रति पर्यटक रु. २,०००।— तथा अन्य राष्ट्रका पर्यटकबाट प्रति पर्यटक रु. ३,०००।—) नगद भुक्तानी मार्फत उठाउदै आएको तर सो प्रक्रिया प्रशासनिक रूपमा झन्झटिलो भएकोले उक्त रकम अनलाइन भुक्तानी प्रणाली मार्फत व्यवस्थाका लागि बारम्बार गुनासो प्राप्त भएकाले यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक, लुक्ला शाखामा रहेको खाता नं.२५८०१००००१९१००१ मा अनलाइन भुक्तानी गर्ने र अनलाइनबाट भुक्तानी भएको रकम भोलिपल्ट नै यस कार्यालयको राजश्व खातामा जम्मा गरि उक्त खाता शुन्य बनाउनलाई अनलाइन भुक्तानी प्रणाली व्यव्स्थापन गर्न कोष तथा लेखा नियन्त्रक कार्यालयलाई अनुरोध गर्ने ।

ग. यस गाउँपालिकाको वडा नं. ३, फाक्दिङमा पर्यटकका लागि बन्जी जम्प, स्वीङ, जिपलाइन तथा अन्य साहसिक एवं मनोरञ्जनात्मक गतिविधिहरूको निर्माण तथा सञ्चालन गर्ने प्रयोजनका लागि Everest Recreation Pvt Ltd ले पेश गरेको निवेदन अनुसार प्रचलित कानूनको अधिनमा रही सिफारिस प्रदान गर्ने ।

घ. यस गाउँपालिकाको पर्यटन क्षेत्रको दिगो, व्यवस्थित तथा योजनाबद्ध विकासका लागि तयार गरिएको गाउँपालिकाको पर्यटन गुरुयोजन (Long Term Tourism Master Plan ) स्वीकृत गर्ने तथा सोही बमोजिम चरणबद्ध रूपमा कार्यान्वयन गर्ने।

ङ. यस गाउँपालिकाको गाउँ शिक्षा योजना, २०८२ स्वीकृत गर्ने ।

च. यस गाउँपालिकाको स्वीकृत स्थानीय पाठ्यक्रम अनुसार स्थानीय पाठ्य पुस्तक निर्माण तथा प्रकाशन गर्ने।